बौधीमाई नगरपालिका
Baudhimai Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of The Municipal Executive
सरमुजवा, रौतहट
Sarmujawa,Rautahat
मधेश प्रदेश, नेपाल
Madhesh Province,Nepal

पत्र संख्या / Ref.No:०८२/०८३
चलानी नं. / Dispatch No:-

मिति : २०८२/०८/२४

## पोखरी ठेक्का बढाबढ सम्बन्धि सूचना

### प्रथम पटक प्रकाशित मिति :-२०८२/०८/२५

यस बौधीमाई नगरपालिका अन्तर्गत वडा नं. ५(कोपवा) र ६(पिपरिया) मा रहेको सार्वजनिक पोखरीको बढाबढ ठेक्का सकार सम्बन्धि सुचना प्रकाशित गरिएको छ, तपशिलको पोखरीहरुको तपशिलको मिति, समय र स्थानमा सरोकारवाल सबैलाई ठेक्का सकारका लागि उपस्थितीका लागि यो सुचनाद्वारा जानकारी गराईन्छ ।

तपशिल

| क्र.स. | पोखरीको नाम | क्षेत्रफल | पानीले ओगटेको क्षेत्रफल | न्युनतम मूल्य वार्षिक मु.अ.कर बाहेक | न्युनतम मूल्य ५ वर्षको मु.अ.कर बाहेक | स्थान | मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | मुसलमानीया टोल पोखरी पिपरीया | १-०-१० | ०-१३-२ | १,९५,०००। | ९,७५,०००। | शारदा मा.वि को प्राङगनमा | २०८२/०९/११ गते शुक्रवार विहान ११:०० वजे |
| २ | जितिया पोखरी पिपरीया | ०-९-१० | ०-६-८ | ९६,०००। | ४,८०,०००। | शारदा मा.वि को प्राङगनमा | २०८२/०९/११ गते शुक्रवार विहान ११:०० वजे |
| ३ | धोविया पोखरी पिपरीया | ०-९-० | ०-१०-५ | १,५३,०००। | ७,६५,०००। | शारदा मा.वि को प्राङगनमा | २०८२/०९/११ गते शुक्रवार विहान ११:०० वजे |
| ४ | सानो कोपवा टोल पोखरी कोपवा | ०-१०-० | ०-८-१० | १,२७,५००। | ६,३७,५००। | शारदा मा.वि को प्राङगनमा | २०८२/०९/११ गते शुक्रवार विहान १२:०० वजे |

पोखरी ठेक्काको शर्तहरु

१. पोखरी ठेक्काको स्वीकृत न्यूनतम अंक राखी आम भेला वाट बढाबढ प्रणालीवाट शुरु गरिनेछ ।

२. पोखरी ठेक्काको अवधी सम्झौता भएको मिति देखी ५ पाँच वर्ष सम्मको लागि हुनेछ ।

३. पोखरी ठेक्का बढाबढ प्रणालीवाट बोल शुरु भएको १० मिनेट भित्र बढी बोल लगाउने व्यक्ति वा फर्म लाई ठेक्का प्रदान गरिनेछ ।

उदय शंकर चौधरी
प्रमुख प्रशासकीय अधिकृत

बौधीमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सरमुजवा, रौतहट
मधेश प्रदेश, नेपाल

४. पोखरी ठेक्काको बोलकवोल गरेको रकमको १०% ले हुन आउने रकम तत्काल सकारवालाको उपस्थितिमा धरौटि स्वारुप रकम जम्मा गर्नु पर्नेछ ।

५. पोखरी ठेक्का सकार गर्ने व्यक्ति/फर्मले स्थाई ठेगाना खुल्ने प्रमाण पेश गर्नु पर्नेछ ।

६. पोखरी ठेक्का सकार गर्ने व्यक्ति/फर्म माथी सरकारी बाँकि बक्यौता/बेरुजु नभएको हुनु पर्नेछ, बाँकि भए ठेक्का सकार गर्न पाउने छैन ।

७. पोखरी ठेक्काको बोल कबोल अंकमा थप १३% मु.अ.कर समावेश गरि ठेक्का सकारवालाले बुझाउनु साथै प्रचलित पोखरी ठेक्का वापत लाग्ने सम्पूर्ण कर दस्तुर ठेकेदार स्वयंमले व्यहोर्नु पर्नेछ ।

८. पोखरी ठेक्का स्वीकृत भएको मितिले ७ सात दिन भित्र नियमानुसार बुझाउनु पर्ने रकम बुझाई सम्झौता गरि चलान पुर्जि लिई सक्नु पर्नेछ । ठेक्का सकार गरी १०% रकम बुझाएको व्यक्तिले तोकिएको समयमा चलन पट्टा सम्झौता गर्न नआएमा १०% धरौटि जफत गरी दोश्रो व्यक्तिलाई आहवान गरिनेछ ।

९. ठेक्का सम्झौताको समयमा सकार गरेको सम्पूर्ण रकम दाखिला गर्नुपर्ने छ सो गरे वापत पालिकाले ५% छुट दिईनेछ ।

१०. पोखरी ठेक्का सम्बन्धि कार्यालय तथा ठेकेदार विच कुनै विवाद उत्पन्न भएमा बौधीमाई नगरपालिकाको निर्णय अनुसार हुनेछ साथै बौधीमाई नगरपालिकाले बेला बेलामा आवश्यक निर्देशन दिन सक्नेछ र उक्त निर्देशन पालना गर्नु सम्बन्धित ठेकेदारको कर्तव्य हुनेछ ।

.............................

उदय शंकर चौधरी
प्रमुख प्रशासकीय अधिकृत

उदय शंकर चौधरी
प्रमुख प्रशासकीय अधिकृत